मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क १४५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ जेठ २४ गते शनिबार ❑ 7 June 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## प्रशासनिक संरचना पूनरावलोक समितिले प्रतिवेदन बुझायो

पोखरापत्र संवाददाता
पोखरा, २३ जेठ

गण्डकी प्रदेश सरकारले बनाएको प्रदेश प्रशासनिक संरचना पूनरावलोकन अध्ययन तथा सुझाव समितिले गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे समक्ष शुक्रवार प्रतिवेदन पेश गरेको छ।

प्रादेशिक संरचना पूनरावलोकन गर्न गठित समितिका संयोजक शरदचन्द्र पौडेलले तीन सय २४ पृष्ठको प्रतिवेदन शुक्रवार मन्त्री र सचिवहरुको उपस्थितिमा मुख्यमन्त्री समक्ष बुझाएका हुन्।

समितिका संयोजक पौडेलले कुनैपनि दवाव, प्रभाव, आग्रह पूर्वाग्रह विना प्रदेश सरकारको एक सय ७४ वटा संगठन संरचनाको अध्ययन गरेर प्रतिवेदन तयार गरिएको बताए। 'यो प्रतिवेदनले प्रदेश सरकारले चाहेजस्तो आफ्ना संरचनालाई चुस्त राख्न र कामकारवाहीलाई प्रभावकारी बनाउन मद्धत पुग्नेछ भन्ने मैले ठानेको छु' उनले भने। समितिले आफ्नो जिम्मेवारी भित्र रहेर सुझाव सहित प्रतिवेदन पेश गरेको जनाएको छ।



प्रतिवेदन बुझेपछि मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सरकारले अध्ययन गरेर लागु गर्ने बताए। उनले भने 'यो देखाउन वा थन्क्याउन बनाइएको होईन, प्रतिवेदन अध्ययन गरेर तत्काल कार्यान्वयन गर्न औंल्याइएका विषय लागु हुन्छ, अन्य विषय क्रमसः सरकारले लागु गर्दै जानेछ।' समितिलाई धन्यवाद दिँदै मुख्यमन्त्री पाण्डेले संघीयता लागु गर्दा उत्साहका साथ धेरै संरचना खडा गरिएको तर अहिले ति संरचनाका कारण प्रदेशमाथि पनि प्रश्न उठ्न थालेकाले प्रशासनिक पुनरावलोकन जरुरी परेको बताए।

प्रशासनिक खर्च धेरै हुँदा प्रदेशको बिकास खर्च वर्षेनी घटेको, आम्दानीको स्रोत बढाउन कानुनी अड्चन झेल्नुपरेकाले खर्च कटौतीका लागि पुर्नसंरचना आवश्यक भएको मुख्यमन्त्री पाण्डेले बताए। गण्डकी प्रदेश सरकारले गत चैतमा पूर्वसचिव शरदचन्द्र पौडेलको संयोजकत्वमा पूर्व सहसचिव महेश्वर नरसिंह केसी र अर्का सहसचिव अच्युत लामिछाने सदस्य रहेको अध्ययन तथा सुझाव समिति बनाएको थियो।

## विकासशील राष्ट्रमा नेपालको स्तरोन्नति महत्वपूर्ण अवसर: प्रदेश प्रमुख भट्ट

पोखरापत्र संवाददाता
पोखरा, २३ जेठ



गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले नेपाल अति कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नतिलाई महत्वपूर्ण अवसरका रुपमा लिनुपर्ने बताउनुभएको छ।

सन् २०२६ सम्ममा नेपाल विकासशील राष्ट्रमा सूचीकृत हुँदै गर्दा गण्डकी प्रदेशमा आयोजित 'स्तरोन्नतिको अवधारणा, आगामी कार्यदिशा, अवसर, चुनौती, रणनीतिक कार्ययोजना र सरोकारवालाहरूको भूमिका विषयक' अन्तर्क्रियात्मक कार्यक्रममा बोल्दै प्रदेश प्रमुख भट्टले यस्तो बताउनुभएको हो। 'अब विश्वमानचित्रमा आफूलाई विकासशील देशको सूचीमा सूचिकृत गर्न नेपाल अघि बढेको छ। यो अन्तर्राष्ट्रिय समुदायमा देशको छवि उँचो बनाउने महत्वपूर्ण अवसर हो।' - उहाँले भन्नुभयो - 'अब नेपालका लागि नयाँ अवसरहरु सिर्जना हुनेछ। देशको अन्तर्राष्ट्रिय छवि सुधार हुने र सहज रुपमा विदेशी लगानी आकर्षित गर्न सकिनेछ।' औद्योगिक प्रगति तथा व्यापारिक लाभको उचित वातावरण सिर्जना हुने भन्दै प्रदेश प्रमुख भट्टले स्तरोन्नतिपछि नेपालमा विकास तथा व्यावसायिक लगानीमा सुदृढ पहुँच, नयाँ व्यापार र आर्थिक साझेदारीको विकासमा योगदान, दिगो विकास, राष्ट्रिय छवि निर्माण, विश्वसनियतामा वृद्धि लगायतका प्रभाव पर्ने उल्लेख गर्नुभयो। 'विकासशील राष्ट्रमा स्तरोन्नतिसँगै त्यसपछिका चुनौतीबारे पनि छलफल भइरहेको अवस्था छ। नेपाल सरकारले मुलुकलाई विकासशील राष्ट्रका रुपमा उभ्याउन दिगो विकास लक्ष्यका निर्धारित पक्षलाई कार्यान्वयन गरिरहेको छ।' उहाँले भन्नुभयो। अन्य राष्ट्रहरु एलडीसीबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुँदाका परिवर्तनबारे गहिरो ढंगले अध्ययन भइरहेको उल्लेख गर्दै उहाँले अझै १८ महिना बाँकी रहेको अवस्थामा त्यसपछि आउने समस्या र चुनौतीको व्यवस्थापनका लागि यस्ता अन्तर्क्रियात्मक छलफल प्रभावकारी बन्ने विश्वास व्यक्त गर्नुभयो। सन् २०२१ को अन्तमा नै नेपाललाई संयुक्त राष्ट्रसंघको महासभाले आगामी सन् २०२६ नोभेम्वर सम्ममा अल्पविकसित राष्ट्र (एलडीसी) बाट मध्यमस्तरको विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने सम्बन्धी प्रस्तावलाई अनुमोदन गरिसकेको छ। राष्ट्रियसभाले उपसमिति बनाएर तयारीलाई तीब्र बनाएको छ। ३ महिना अघि मात्रै विकास आर्थिक मामिला तथा सुशासन समिति अन्तर्गतको दीगो विकास उपसमितिले नेपाल अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुने सम्बन्धमा अध्ययन प्रतिवेदन २०८१ लाई समितिमा पास गरी मूल समितिलाई बुझाएको छ। अर्थमन्त्रालयले पनि नेपाल अल्पविकसित राष्ट्र समूहबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुँदा अवलम्वन गर्नुपर्ने रणनीति कार्यान्वयनका लागि गर्नुपर्ने तयारीका कार्यहरूबारे गृहकार्य सुरु गरिसकेको छ। सन् १९७१ बाट एलडीसीको सूचीमा रहेको नेपाल यसअघि नै विकासशील राष्ट्रको सूचीमा रहन योग्य थियो। प्रतिव्यक्ति आय, मानव सम्पति सूचकांक र आर्थिक तथा पर्यावरणीय जोखिम सूचक अंकको मापदण्डमध्ये नेपालले दुई मापदण्ड पहिल्यै पूरा गरेको हो। पहिल्यै स्तरोन्नतिको मापदण्ड पूरा गरेपनि नेपालले महाभूकम्प र कोभिडका कारण अर्थतन्त्रमा गम्भीर चुनौती सामना गर्नुपरेको हुँदा नेपालकै अनुरोधमा प्रक्रियालाई थाँती राखिएको थियो।

## पर्वतीय संग्रहालयमा हर्जोगको आइस एक्स र सालिक

पोखरापत्र संवाददाता
पोखरा, २३ जेठ

पर्यटन राजधानी पोखरामा रहेको अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालयमा नयाँ आकर्षण थपिएको छ। ७५ वर्षअघि अन्नपूर्ण हिमाल प्रथम पटक आरोहण गर्ने मौरिस हर्जोगको आइस एक्स (हिउँ काट्ने औजार) बिहीबार उनका छोरा माथियसले सङ्ग्रहालयलाई हस्तान्तरण गरे।

स्विटजरल्यान्डको ओलम्पिक म्युजियमबाट ल्याइएको आइस एक्स अबको एक वर्ष यहाँ राखिनेछ। झ्यालबाट अन्नपूर्ण हिमाल देखिने सङ्ग्रहालय नै आइस एक्सका लागि सबैभन्दा उपयुक्त स्थान भएको माथियस बताउँछन्। अन्नपूर्ण आरोहणको हिरक महोत्सवमा सहभागी हुन सपरिवार नेपाल आएका माथियससहित संघीय संस्कृति पर्यटन तथा नागरिक उड्यन मन्त्री बद्रीप्रसाद पाण्डेसँगै हर्जोगको पुस्तक 'अन्नपूर्ण'को नेपाली अनुवादको आवरण अनावरणसमेत गरे। अन्नपूर्ण आरोहणको हिरक वर्षकै अवसरमा सङ्ग्रहालय परिसरमा मौरिस हर्जोग, आङथार्के शेर्पा र वालुङ सोनाम शेर्पाको शालिक अनावरणसमेत गरिएको छ। आङथार्के अन्नपूर्ण आरोहण गर्ने पहिलो नेपाली हुन् भने वालुङ सोनाम मौरिसको आरोहण दलमा शेर्पा टोलीको नेतृत्वकर्ता थिए। सोही अवसरमा सङ्ग्रहालमा मौरिसको अन्नपूर्ण आरोहण समेटिएको अडियो, भिडियोसमेत प्रदर्शन गरिएको छ। अन्नपूर्ण प्रथम आरोहणको फोटो प्रदर्शनी पनि बिहीबारै सुरु भएको छ।



फोटो र भिडियो अब सङ्ग्रहालयमै राखेर सबै आगन्तुकका लागि खुला गरिने सङ्ग्रहालयकी कार्यकारी निर्देशक निर्मलाकुमारी न्यौपानेले बताइन्। अन्नपूर्णमा हर्जोगले आरोहणका दुःखसुख समेटेका छन्। सअघि २० भाषामा अनुदित भइसकेको यो पुस्तक हालसम्म एक करोड प्रतिभन्दा बढी बिक्री भइसकेको छ। कार्यक्रममा संघीय संस्कृति पर्यटन तथा नागरिक उड्यन मन्त्री बद्रीप्रसाद पाण्डेले नेपाल बुद्ध, वेद र हिमालका कारण विश्वमा परिचित रहेको बताए।

प्रथम अन्नपूर्ण आरोहण पर्वतारोहण क्षेत्रको कोसेढुङ्गा रहेको जनाउँदै उहाँले जलवायु सङ्कटका कारण विश्वले नै ठूलो मूल्य चुकाउनुपर्ने अवस्था आउन सक्ने उल्लेख गरे। 'माछापुच्छ्रे कालापत्थर जस्तो देखिन थाल्यो। हिमालले भोगेको यो असर पूरै पृथ्वीले भोग्नुपर्छ,' उनले भने। पर्वतीय संग्रहालयमा बोटानिकल गार्डेन बनाउन प्रदेशसँग मिलेर काम गर्ने उनले वाचा गरे। पर्यटन राजधानीको नमुना गन्तव्यका रुपमा पर्वतीय सङ्ग्रहालयलाई विकास गरिने उनको भनाइ छ। गण्डकी प्रदेशका वन तथा वातावरण मन्त्री भेषबहादुर पौडेलले गण्डकीका हिमालहरु आरोहणका लागि प्रोत्साहन गर्ने खालका कार्यक्रम ल्याइने वाचा गरे। उनले आगामी आर्थिक वर्षबाट बोटानिकल गार्डेन बनाउन सुरु गरिने जानकारी दिए। 'विश्वकै पर्यटकीय आकर्षण बनाउने गरी यहाँ बोटानिकल गार्डेन बनाउँछौं। यसैपालि यसको निर्माण सुरु हुन्छ,' उनले भने।

नेपालका लागि फ्रान्सकी राजदूत भिर्गिनी कोर्टेभलले अन्नपूर्ण आरोहण इतिहासकै महत्वपूर्ण क्षण बनेको सुनाइन्। कार्यक्रममा नेपाल पर्वतारोहण संघ गण्डकी अध्यक्ष विकास गुरुङ, पोखरा पर्यटन परिषद अध्यक्ष तारानाथ पाहारी, पर्वतारोही पूर्णिमा श्रेष्ठ, विश्वकै १४ वटा आठ हजार मिटर अग्ला हिमाल आरोही गरिसकेका मिग्मा जि शेर्पा लगायतले बोलेका थिए।

वर्षमा करिब सय देशका दुई लाखभन्दा बढी पर्यटक अवलोकन गर्न आउने यो संग्रहालयका सामग्रीलाई डिजिटाइजेसन गर्ने तयारी भएको छ। नेपाल पर्वतारोहण संघले सञ्चालन गरेको यो संग्रहालयलाई जाइकाको सहयोगमा डिजिटाइजेसन गर्न लागिएको हो। संघ अध्यक्ष निमानुरु शेर्पा मौरिस हर्जोग वाल निर्माण गरी हरेक वर्ष जुन ३ मा पर्वतारोहण प्रतियोगिता गर्ने योजना सुनाउँछन्।

'हामी यसलाई महत्वपूर्ण र नमुना गन्तव्य बनाउने प्रयत्नमा छौं। सबै तहका सरकार र सरोकारवालको सहयोगबिना यो सम्भव छैन,' उनले भने। सो अवसरमा विश्व वातावरण दिवसको अवसरमा संग्रहालयल परिसरमा वृक्षारोपणसमेत गरिएको थियो।

## फेवाताल संरक्षणको अभियान अन्तगत सीमाङ्कन कार्य जारी, हालसम्म ८७ सीमा स्तम्भ गाडिया


पोखरापत्र संवाददाता
पोखरा, २३ जेठ

सर्वोच्च अदालतको आदेश अनुसार फेवातालको सीमाङ्कन कार्य तीव्र पारिएको छ। हालसम्म तालको विभिन्न स्थानमा ८७ वटा सीमा स्तम्भहरू गाडिएका छन्।

शुक्रबार नेपाल पर्यटन बोर्डको कार्यालय र ड्यामसाइड पार्क परिसरमा स्तम्भहरू गाडिएको महानगरीय प्रहरी प्रमुख पुरुषोत्तम थापाले जानकारी दिनुभयो।

पोखरा महानगरपालिका, गण्डकी प्रदेश र संघ सरकारको संयुक्त पहलमा १८ महिनाको अध्ययनपछि सीमाङ्कन कार्य सुरु गरिएको हो। तालको सीमामा कुल १,०५५ वटा डिजिटल पिल्लर गाड्ने योजना छ। पोखरा महानगरका प्रमुख धनराज आचार्यका अनुसार, तालको हालको क्षेत्रफल ६।३४३ वर्गकिमी ९१२,४६८ रोपनी ३ पैसा ३ दाम कायम छ भने ६५ मिटरको मापदण्ड अनुसार कुल क्षेत्रफल ७।६१६ वर्गकिमी ९१४,९७० रोपनी पुग्नेछ। ड्रोन र डिजिटल प्रविधिबाट विस्तृत नापजाँच सम्पन्न भइसकेको छ।

सर्वोच्च अदालतले २०८० असार ४ गते दिएको आदेशको पूर्णपाठ २०८० असोज ९ गते आएको थियो, जसमा ताल क्षेत्रभित्रका सबै संरचना ६ महिनाभित्र हटाउन निर्देशन दिइएको छ। सीमाङ्कनपछि जग्गाको स्वामित्वको अवस्था अध्ययन गरिने र आवश्यक भए क्षतिपूर्ति दिइने मेयर आचार्यले बताउनुभयो। यसअघि विभिन्न समयमा गरिएको नापजाँच अनुसार फेवातालको क्षेत्र संकुचित हुँदै आएको पाइएको थियो। अबको सीमाङ्कनले ६५ मिटरको हरित क्षेत्र कायम गर्दै अतिक्रमण हटाउने कार्यलाई तीव्रता दिने बताइएको छ। यसको बिषयमा बिरोध र समर्थन गरी मिश्रित स्वरहरु आएको छ।



# एक्सपर्ट एजुकेसन अन्तर विद्यालय छात्र टि-२० क्रिकेट प्रतियोगितामा सेमीफाइनलका खेलहरु शनिबार हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २३ जेठ




पोखरामा जारी एक्सपर्ट एजुकेसन अन्तर विद्यालय छात्र टि-२० क्रिकेट च्याम्पीयनसीपको सेमीफाइनल समीकरण पूरा भएको छ।

पोखराको लेखनाथस्थित ईडेन हेभन क्रिकेट मैदानमा शुक्रबार समूह 'डी' अन्तर्गत भएको समूह चरणको अन्तिम खेलमा सृजना माविले अमर सिंह माविलाई ५ विकेटले पराजित गर्दै सेमीफाइनल यात्रा तय गरेसँगै सेमीफाइनल पुग्ने सबै टिमको टुंगो लागेको हो । यसअघि समूह 'ए'बाट मदरल्याण्ड, समूह 'बी'बाट रत्न ज्योति र समूह 'सी'बाट प्रतिभा मावि सेमीफाइनलमा प्रवेश गरिसकेका छन् । प्रतियोगिता अन्तर्गत शनिबार सेमीफाइनलका खेलहरु हुने आयोजक पोखरा महानगरपालिका क्रिकेट संघका अध्यक्ष बिरेन्द्र पुनले जानकारी दिए। उनका अनुसार शनिबार पहिलो सेमीफाइनल खेल प्रतिभा मावि र रत्न ज्योति सेकेण्डरी स्कुल तथा दोस्रो खेल मदरल्याण्ड मावि र सृजना माविबीच प्रतिष्पर्धा हुनेछन् । शुक्रबारको अन्तिम सेमीफाइनल खेलमा सृजना माविले अमरसिंह माविलाई ५ विकेटले पराजित गऱ्यो। सृजना माविले टस जितेर फिल्डिङ रोजेपछि व्याटिङमा आएको अमरसिंह माविले निर्धारित २० ओभरमा ६ विकेटको क्षेतीमा १३६ रनको योगफल तयार गरेको थियो। अमरसिंह माविका लागि सत्कार चालीसेले ४७ रनको योगदान दिए । अमरसिंहलाई सस्तैमा समेट्न सृजना माविका समीर यादव एक्लैले ३ विकेट लिए। १३७ रनको मध्यम लक्ष्य पछ्याएको सृजना माविले १८.१ ओभरमा ५ विकेट गुमाएर लक्ष्य भेट्टाउँदै सेमीफाइनल यात्रा तय गऱ्यो । सृजना माविका लागि अभिनय विकले ४२ रनको योगदान दिए। अमरसिंह माविका सुकी यादवले २ विकेट लिएपनि जित दिलाउन सकेनन् । सो खेलमा सृजना माविका अभिनय विक प्लेयर अफ दी म्याच घोषित भए । यसअघि समूह 'डी' कै खेलमा सृजना माविले नै न्यूलाइट सेकेण्डरी स्कुललाई ७४ रनले पराजित गर्दै सेमीफाइनल पुग्ने बाटो खोलेको थियो। टस जितेर पहिलो व्याटिङ गरेको सृजना माविले १३ ओभरमा घटाइएको खेलमा पूरै ओभर खेल्दै ६ विकेटको क्षेतीमा ११२ रन बनाएको थियो । सृजनाका लागि ईश्वर चन्द्र सुवेदीले २५ रनको योगदान दिए। सृजनालाई दवाबमा राख्ने क्रममा न्यूलाईटका सन्दीप सुवेदीले २ विकेट लिएका थिए। ११३ रनको मध्यम लक्ष्य पछ्याएको न्यूलाईट ९.४ ओभरमा अलआउटहुँदै केवल ३८ रनमा सिमित भएपछि पराजित भयो । न्यूलाईटका कसैलेपनि उत्कृष्ट प्रदर्शन नगर्दा झिनो रनमा समेटिएको हो । न्यूलाईटलाई सस्तैमा समेट्न सृजनाका सचिन शर्मा र विशाल ढकालले ३/३ विकेट लिए । सो खेलमा सृजनाका विशाल ढकाल प्लेयर अफ दी म्याच घोषित भए।

अर्को खेलमा वाराही माविले त्रिवेणी पव्लिक स्कुललाई ११८ रनले पराजित गऱ्यो। टस जितेर पहिलो व्याटिङ गरेको वाराही माविले १९ ओभरमा घटाइएको खेलमा पूरै ओभर खेल्दै ४ विकेटको क्षेतीमा १६२ रनको योगफल तयार गऱ्यो। वाराहीका मनोज घर्ती मगरले ३२ तथा अभिषेक अधिकारीले १८ रनको योगदान दिए । १६३ रनको लक्ष्य पछ्याएको त्रिवेणी पव्लिक ९.४ ओभरमा केवल ४४ रनमा समेटिएपछि वाराही मावि बिजयी भयो। त्रिवेणीलाई सस्तैमा समेट्ने क्रममा वाराहीका अभिषेक अधिकारी एक्लैले ४ विकेट तथा विवेक विकले ३ विकेट लिएका थिए। सो खेलमा विवेक विक प्लेयर अफ दी म्याच घोषित भए।

# लेखनाथ पत्रकार मञ्चको आयोजनामा वडाध्यक्षहरुसँग अन्तरक्रिया

**पोखरापत्र संवाददाता**
पोखरा, २३ जेठ




लेखनाथ पत्रकार मञ्चको आयोजनामा पोखराका २६ देखि ३३ नं वडाका वडाध्यक्षहरुसँग अन्तरकृया विकास बहस कार्यक्रम शुक्रवार सम्पन्न भएको छ। लेखनाथ पत्रकार मञ्चका अध्यक्ष विष्णुहरि पौडेलको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक सुरेन्द्रबाबु तिवारीले कार्यपत्र प्रस्तुत गर्दै लेखनाथ क्षेत्रको विकासको अवस्था, चुनौतिर सम्भावनावारे बोलेका थिए।

कार्यक्रममा पोखरा महानगरपालिका वडा नं ३३ का वडाध्यक्ष रामचन्द्र अधिकारी, वडा नं ३२ का कार्यबाहक वडाध्यक्ष तीर्थराज सुयाल, वडा नं ३१ का वडाध्यक्ष ढकनाथ कँडेल, वडा नं ३० का वडाध्यक्ष दुर्गाप्रसाद सुवेदी, वडा नं २९ का वडाध्यक्ष श्रीप्रसाद गुरुङ, वडा नं २८ का वडाध्यक्ष श्रीकृष्ण लामिछाने र वडा नं २७ का वडाध्यक्ष पूर्णकुमार गुरुङले आआफ्नो वडासँग सम्बन्धित जिज्ञासाहरुको उत्तर दिएका थिए । मञ्चका उपाध्यक्ष सन्दिप पौडेलले सहजीकरण गरेको कार्यक्रममा बक्ताहरुले सात तालको बगैचा शहर, उपनगरीय दृष्टिकोण, खानेपानी सरसफाई, फोहरमैला, जैविकविविधता,विकासकापूर्वाधार, बजेट, लिङ्क रोड, साहित्यिक पर्यटन लगायतका विषयमा आफ्ना कुरा राखेका थिए । सचिवमा रामशरण नेपालीले सञ्चालन तथा निवर्तमान अध्यक्ष कविराज खनालले स्वागत गरेको उक्त अन्तरकृयामा लक्ष्मी आदर्श बहुमुखी क्याम्पसका सुदिप अधिकारी, समीक्षा पौडेल, एन आर एन जापानका शिब न्यौपाने, पोखरा भ्रमण वर्षका सहसंयोजक दामोदरभक्त थापा, लेखनाथ खानेपानीका अध्यक्ष मुरारी शर्मा, महानगर कार्यपालिकाका सलहकार बाबुराम गिरी, लेखनाथ उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष राजेन्द्र ओझा, समाजसेवी राजेन्द्रमणि लामिछाने,होटल एसोसियसन लेखनाथका अध्यक्ष वीरभद्र कँडेल, ज्येष्ठ नागरिक सेवा केन्द्र शिसुवाका बोधराज गौतम, लेक सिटी युवा क्लबका संस्थापक अध्यक्ष सुरजङ्ग राणा, सामुदायिक सेवा केन्द्रका संस्थापक अध्यक्ष तथा मञ्चका सल्लाहकार मोती गिरी, लक्ष्मी मा वि का प्रअ जगन्नाथ अधिकारी,लेखनाथ जन्मस्थल विकास समितिका अध्यक्ष गोपीराज पौडेल,प्रदेश जनरल तथा सरुवा रोग अस्पतालका अध्यक्ष ऋषि जमरकटेल लगायतले आफूले प्रतिनिधित्व गरेका संघसंस्थाबाट प्रतिनिधिमूलक ढंगले सल्लाह सुझाव दिदै समग्र लेखनाथको विकासमा एकजुट भएर जान वडाध्यक्षहरुलाई अग्रह गरेका थिए । टिप्पणीकर्ता मञ्चका संस्थापक अध्यक्ष भीमपमणि बराल र पूर्व कार्य समिति सल्लाहकार भरतप्रसाद तिवारीले सल्लाह सुझाव लिपिबद्ध गरी महानगर तथा वडाहरुमा बुझाउने वताएका थिए।

# कालिदासको सिर्जना 'म: आफू र स्वजनका दृष्टिकोणमा' नामक ग्रन्थ विमोचन

**पोखरापत्र संवाददाता**
पोखरा, २३ जेठ




त्रिभुवन विश्वविद्यालयका निवृत उपप्राध्यापक कालिदास शर्मा तिमिल्सिनाको सिर्जना 'मः आफू र स्वजनका दृष्टिकोणमा' नामक ग्रन्थको विमोचन गरिएको छ।

नेपाल नाट्यप्रतिष्ठान पोखरा, नेपालले शुक्रबार पोखरामा आयोजना गरेको कार्यक्रममा राष्ट्रिय सभाका पूर्व अध्यक्ष गणेश प्रसाद तिमिल्सिनाले ग्रन्थको विमोचन गरेका हुन्। ६७८ पृष्ठको सो ग्रन्थमा सर्जक पर्वत जिल्लाको मोदी गाउँपालिका ७ अर्न्तगत राम्जा देउराली घर भै हाल पोखरा चाउथे बस्दै आएका तिमिल्सिनाको आत्मकथा र आत्मबोध सगै तिमिल्सिनाको बारेमा परिवारजनका, स्वजनका, जन्मस्थानका साथीभाई र छिमेकी, नवजागृत मावि पर्वतका मित्रजन, महेन्द्रशिखरी मावी पर्वतका मित्रजन, भवानीकालिका मावि कास्कीका मित्रजन, नवीन मावि कास्कीका मित्रजन, पृथ्वीनारायण क्याम्पसमा कार्यरत एंव निवृत प्राध्यापक, कर्मचारी र विद्यार्थी, सामाजिक तथा राजनीतिक, अन्य क्षेत्रका सहकर्मी प्राध्यापक गरि विभिन्न १३ क्षेत्रका १७६ जनाको अनुभूति समेत समावेश गरिएको छ। राष्ट्रिय सभाका पूर्व अध्यक्ष तिमिल्सिनाले विगतबाट आज हुनलाई गरिएको विभिन्न सघर्ष र घट्नाक्रम ग्रन्थमा रहेकाले विगतको अध्यूयन गर्न चाहने नयाँ पुस्ताका लागि यो प्ररणाको स्रोत रहेको बताएका थिए । हालका नयाँ पुस्ताले विगतको जानकारी लिने नगरेका कारण समस्या भएको भन्दै तिमिल्सिनाले विगतमा के भयो र हालको अवस्था कसरी आयो नयाँ पुस्तालाई त्यसको अध्यूयन गर्न सुझाव समेत दिएका थिए। हाल एक दुई प्रतिशत नकारात्मक कुरा भएका होलान तर ९४/९५ प्रतिशत राम्रा कुराहरु भएको दाबी गदै तिमिल्सिनाले हामीमा राम्रा गरिएका धेरै कुराहरु भन्दा पनि नराम्रा भएका र गरिएका सामान्य कुरालाई उचाल्ने र त्यसलाई बोकेर हिड्ने गरिएका कारण धेरै समस्याहरु आएको भनाई व्यक्त गरेका थिए।

विगतमा राजाको पालाको शासनको समय कस्तो थियो भन्ने इतिहास नपढेकाहरु हाल राजाको पक्षमा उभिएको भन्दै तिमिल्सिनाले राजाको शासनको समयलाई कालो इतिहासको सज्ञा दिएका थिए । राजाको शासनको समयको कालो इतिहास नपढेका र जानकारी नलिएकाहरुले हाल राजा बोकेर हिडेको आरोप समेत पूर्व अध्यक्ष तिमिल्सिनाको थियो । प्रकाशक धनेश्वरी पराजुली (तिमिल्सिना) ले समाज रुपान्तरणको सन्दर्भमा गरिएका शैक्षिक र सामाजिक गतिविधिहरुका बारेमा त्यस समयको प्रवृति, सोच र कामको प्रतिनिधिमूलक घट्नाहरुको उल्लेख ग्रन्थमा गरिएको बताईन। ग्रन्थमा लेखकले आफ्नो परिवेशको पारिवारिक र व्यक्तिगत अवस्था र आफनो शिक्षा, शैक्षिक सहभागिता र समाज रुपान्तरणका लागि गरिएका प्रयास र भोगाइका बारेमा अनुभव र अनुभूति सगै बर्तमान छिटोछिटो बदलिरहेको नेपाली समाज, त्यससँग जुधिरहेको नेपाली जीवन कसरी यस्तो भयो होला भन्ने विषय समेत ग्रन्थमा रहेको जानकारी दिईन। स्वार्थ समूहबाट सचेत रहँदै काममा संलग्न हुनुपर्ने सन्देश समेत ग्रन्थमा रहेको उनले सुनाईन।

सर्जक तिमिल्सिनाले ग्रन्थमा आफुले आफुमा परेका कुराहरु मात्र उल्लेख गरेको र आफुले गरेका कुराहरु कम मात्र उल्लेख गरेको बताएका थिए । ग्रन्थमा आफुले तत् तत् समयको परिवेशअनुसारका आफ्ना अनुभव र ज्ञानको विवरणात्मक वर्णन गरेको तिमिल्सिनाले बताए । समाजलाई अग्रगतिमा लैजान स्वार्थ र विभेदलाई त्याग गर्दै अन्याय विरुद्ध उभिनु आवश्यक रहेको भन्दै समाज रुपान्तरणको लागि काम गर्ने व्यक्तिले आफूलाई जस्तै कठिनाइ भए पनि काममा निरन्तरता दिनु नै सफलताको बाटो भएको भनाई उनको थियो। ग्रन्थको विमोचन पछि समालोचना गदै प्रा डा रामनाथ ओझाले तिमिल्सिनाले सिजना गरेको ग्रन्थ उनको व्यक्तिगत अनुभूति मात्र नभएर राष्ट्रिय राजनीतिको दस्तावेज समेत रहेको बताएका थिए।

नेपाल नाट्यप्रतिष्ठान पोखराका अध्यक्ष प्राडा रामचन्द्र पोखरेलले सर्जकले "स्व" चेतनाको गहिरो सम्बन्ध वर्तमानसँग सम्बद्ध रहन्छ भन्ने वास्तविकतालाई उद्घाटन गरेको बताए।

# 'शिक्षा ऐन यथाशीघ्र ल्याउने तयारी भइरहेको छ'

**पोखरापत्र संवाददाता**
पोखरा, २३ जेठ




शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्तले शिक्षा विधेयकसम्बन्धी भएका छलफलले अन्तिम रूप लिन लागेकाले यथाशीघ्र ऐन आउने बताउनुभएको छ।

प्रिन्सिपल एसोसिएसन अफ नेपाल (पान)को दोस्रो शिखर सम्मेलनलाई आज पोखरामा सम्बोधन गर्दै उहाँले आगामी साउनभित्र शिक्षा ऐन ल्याउने गरी तयारी भइरहेको उल्लेख गर्नुभयो । शिक्षा विधेयक पारित गर्न शिक्षक महासङ्घको सहयोग आवश्यक रहेको बताउँदै मन्त्री पन्तले शिक्षा मन्त्रालय महासङ्घसँग छलफल र वार्ता गरी अगाडि बढ्न तयार रहेको बताउनुभयो । "उत्कृष्ट शिक्षा ऐन ल्याउन सक्यौँ भने शिक्षा क्षेत्रको विकास द्रुतगतिमा अगाडि बढ्ने विश्वाससहित महासङ्घसँग सहकार्य र समन्वय आवश्यक परेको हो", उहाँले भन्नुभयो । आगामी आर्थिक वर्षको बजेटमा शिक्षा क्षेत्रको विकासका लागि यथास्थितिमा बजेट छुट्याइएकाले उल्लेख्य उपलब्धि प्राप्त गर्न केही असहज हुनसक्ने मन्त्री पन्तले धारणा राख्नुभयो। "विदेशको तुलनामा नेपालमा शिक्षा क्षेत्रमा बजेट कम छुट्याउने गरिन्छ, त्यसले समग्र विकासमा केही बाधा पर्ने देखिन्छ । चालु आवमा जति बजेट थियो, त्यति नै आगामी आवका लागि छुट्याउँदा शिक्षा क्षेत्रको विकास गर्न केही असहज परिस्थिति आउनसक्ने अनुमान गरेका छौँ", उहाँले भन्नुभयो। शिक्षामा नयाँनयाँ प्रविधि र अभ्यासको प्रयोग विकास हुँदै गएकाले शिक्षक पनि प्रविधिमैत्री हुन जरुरी रहेको बताउँदै मन्त्री पन्तले गुणस्तरीय शिक्षण सिकाइ र व्यावहारिक शिक्षामा जोड दिन उहाँले सम्पूर्ण शिक्षकलाई आग्रह गर्नुभयो । "प्राथमिक तहमा दरबन्दीभन्दा बढी शिक्षक भएकाले ती शिक्षकलाई निम्नमाध्यमिक र माध्यमिक तहमा समायोजन गर्ने तयारीमा छौँ", उहाँले भन्नुभयो । शिक्षक महासङ्घसँग भएका नौ बुँदे सहमतिप्रति शिक्षा मन्त्रालय गम्भीर रहेको बताउँदै मन्त्री पन्तले शिक्षा विधेयक पारित गर्न शिक्षकहरूको सहयोगको आवश्यकता औँल्याउनुभयो। शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति अम्बरबहादुर थापाले विद्यालय तहको शिक्षामा सुधार गर्ने प्रमुख जिम्मेवारी प्रधानाध्यापकसहित सम्पूर्ण शिक्षकको भएकाले विद्यालयमा शैक्षिक वातावरण बनाउन आग्रह गर्नुभयो । "शिक्षकहरूले आफ्नो अधिकारमात्र खोज्ने होइन, आफ्नो कर्तव्य पनि पूरा गर्नुपर्छ", उहाँले भन्नुभयो। शिक्षाविद् प्रा डा विद्यानाथ कोइरालाले शिक्षण सिकाइलाई प्रभावकारी बनाउँदै शिक्षामा नयाँ प्रविधि र अभ्यास प्रयोग गर्न शिक्षकहरूलाई आग्रह गर्नुभयो । सम्मेलनमा सातवटै प्रदेशका उत्कृष्ट प्रधानाध्यापक, विद्यालय, पालिका तथा दीर्घसेवा प्रदान गर्नुभएका प्रधानाध्यापकलाई सम्मान गरिएको थियो । दुई दिनसम्म सञ्चालन हुने सम्मेलनले शिक्षा क्षेत्रका समग्र पक्षलाई समेटेर पोखरा घोषणापत्र जारी गरिने पानले जनाएको छ। उक्त कार्यक्रम पानका अध्यक्ष सुदामप्रसाद गौतमको अध्यक्षतामा सम्पन्न भएको थियो।


## डिप्रेसनका लक्षण

**मानसिक रुपमा:**

- उदास, निराश वा एक्लोपन महसुस गर्नु,
- कुनै पनि कुरामा चासो नलिनु वा कम हुनु,
- आत्मबल घट्नु वा आत्मग्लानि हुनु वा दोषी महसुस हुनु,
- निर्णय लिन नसक्नु वा कठिन हुनु,
- आत्महत्याका विचार आउनु,

**शारीरिक र व्यवहारिक लक्षणहरू:**

- निन्द्रा कम लाग्नु तथा सुत्न नसक्नु,
- भोक नलाग्नु वा अत्यधिक भोक लाग्नु,
- तौलमा परिवर्तन आउनु,
- सामान्य काममा थकान महसुस हुनु,
- पुरै शरीर दुख्नु वा शरीरका कुनै भागमा पीडा महसुस हुनु,
- सामाजिक गतिविधिमा चासो नहुनु,

*यस्ता लक्षण देखिएमा चिकित्सकको परामर्श लिऔं।*

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**



"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# कोटीहोममा २१ करोड दीप प्रज्ज्वलन गरिँदै

**पोखरापत्र संवाददाता**
पोखरा, २३ जेठ

पोखरामा जारी श्री गण्डकी शतकुण्डीय गायत्री कोटिहोम विराट ज्ञान महायज्ञमा शनिबार २१ करोड दीप प्रज्ज्वलन हुने भएको छ । यति ठूलो दीप प्रज्ज्वलन सम्भवतः हालसम्म कहीँ पनि नभएको आयोजकको दावी छ।

मानव सेवा फाउण्डेशनका व्यवस्थापक विष्णु थापाले आआफ्नो घरबाट ज्योती लिएर दीप प्रज्ज्वलनमा सहभागी हुन भक्तजनलाई आग्रह गरेका छन् । शनिबार बिहान १० बजे ज्योती भिजाउने र साँझ ६ बजे प्रज्ज्वलन गरिने थापाले बताए । शनिबार निर्जला एकादशीसमेत परेकाले फूलको होली खेलिने कार्यक्रम रहेको प्रचारप्रसार संयोजक लेखराज ढकालले जानकारी दिए ।संयोजक ढकालले शनिबार कम्तीमा पनि तीन लाख ५० हजार भक्तजन कोटीहोममा आउने दावी गरे । कोटीहोममा हालसम्म २३ लाख ५० बढी भक्तजन सहभागी भएको उनले जानकारी दिए। शनिबारका लागि विभिन्न जिल्लाबाट भक्तजन बोकेर ५५ वटा गाडी शुक्रबार नै पोखरा भित्रिसकेको र दुई सय ५० वटा गाडी आउँदै गरेको उनको भनाइ छ। अन्य दिनको तुलनामा शनिबार ऐतिहासिक हुने उनको दावी छ। हालसम्म करिब सात करोड रकम सङ्कलन भएको महायज्ञका सङ्कल्पकर्ता बालयोगेश्वर श्रीविजय कृष्णमूर्तिजी महाराजले जानकारी दिए । कोटीहोम दर्शनका लागि शुक्रबार चर्चित प्रेरणादायी वक्ता जगदीश शर्मा, चर्चित माता सरिता पुन मगर (सरु माता), भारतबाट प्रसिद्ध सन्त आलोकजी महाराजको समूह, नेपालकै कान्छी श्रीमद् भागवत वाचिका अनुराधा पाण्डे, अमेरिकाबाट सत्यदेव महाराज, व्यास समाज नेपालका उपाध्यक्ष एवं चर्चित कथा व्यास बालकृष्ण अर्याल, प्रख्यात पण्डित एवं कथावाचक भुवन घिमिरे, श्रीमद् भागवत कथा वाचिका सुधा अच्युत प्रिया सहभागी भए।

सो अवसरमा सरिता पुन मगरले एक लाख रुपैयाँ सहयोग गर्दै एक बच्चाको अभिभावक बनेकी छन् । यस्तै बागलुङ नगरपालिकाका प्रमुख वसन्तकुमार श्रेष्ठ पनि कोटीहोममा सहभागी भएर एक लाख ११ हजार एक सय ११ रुपैयाँ सहयोग गरेका छन्। यसैगरी स्याङ्जा भिरकोट नगरपालिका वडा नं २ का शेरजङ् अधिकारी तथा लक्ष्मी केसी अधिकारीले १२ लाख रुपैयाँ बराबरको तीन रोपनी जग्गा दान गर्ने घोषणा गरेका छन्। कोटीहोममा भागवत मञ्जरी राधिका दासीले श्रीमद् भागवत कथा वाचन गरिरहेकी छन् । कोटीहोमको समयावधि थप भएसँगै उनले जेठ ३१ सम्म कथा वाचन गर्नेछिन्।

# पर्यटक आकर्षणको केन्द्र बन्दै 'ढोरपाटन जलजला'

**डम्मर बुढामगर**
बागलुङ, २३ जेठ/रासस



पाँच वर्ष अगाडिसम्म जलजला ओझेलमा थियो । फाट्टफुट्ट आन्तरिक पर्यटक पुगे पनि चर्चामा आउन थालेको थिएन । तर, पछिल्लो समय जलजला पुग्ने आन्तरिक तथा बाह्य पर्यटकको सङ्ख्या बढेको छ। नेपालको एक मात्र सिकार आरक्ष ढोरपाटनमा पर्ने जलजलामा दैनिकजसो पर्यटक पुग्न थालेका हुन्।

ढोरपाटन उपत्यकाबाट घना जङ्गल र ठूला जंघार पार गर्दै जलजाल पुग्न सकिन्छ। शान्त वातावरण र आँखै अगाडि देखिने हिमश्रृङ्खला हेर्नका लागि पर्यटक जलजला जाने गर्छन् । ढोरपाटन उपत्यकादेखि २२ किलोमिटर पूर्वमा रहेको जलजलामा बाह्रै महिना पर्यटक पुग्ने गरेका हुन् । ढोरबराह मन्दिर दर्शन गर्न पुग्ने दर्शनार्थीसमेत यहाँ पुग्न गरेका छन्। बर्खामा हरियाली र हिउँदमा हिउँसँग रमाउने पर्यटकका लागि जलजला उत्कृष्ट गन्तव्य बनेको छ । पहिले असोजदेखि आन्तरिकसहित बाह्य पर्यटक जलजला पुग्ने गरे पनि पछिल्लो समय बाह्रै महिना यहाँ आउने गरेको ढोरपाटन उपत्यका होटल व्यवसायी सङ्घका अध्यक्ष जीवन पुनले जानकारी दिनुभयो। ढोरपाटन उपत्यकादेखि १८ किलोमिटर सवारी साधन र चार किलोमिटर पैदल यात्रामा जलजला पुग्न सकिने उहाँको भनाइ छ।

केही वर्ष अगाडिसम्म ओझेलमा रहेको जलजला प्रचारप्रसार र सडक सञ्जालले जोडिन थालेपछि पर्यटकको आकर्षण बढेको पुनले बताउनुभयो । यो याममा दैनिक जलजला जाने पर्यटकको सङ्ख्या बढिरहेको उहाँको भनाइ छ । मासिक रुपमा तीन हजारको हाराहारीमा पर्यटक जलजला पुग्ने अध्यक्ष पुन बताउनुहुन्छ।

"जलजलाको प्रचारप्रसार बढी भएर होला, अहिले टाढा-टाढाबाट पर्यटक आउन थालेका छन्, ढोरपाटन उपत्यकाबाट बाटो सहज बनेको छ, शान्त वातावरण, अनगिन्ती हिमशृङ्खला र प्रकृतिसँग रमाउन चाहनेहरु जलजला आउँछन्", अध्यक्ष पुनले भन्नुभयो, "पहिले फाट्टफुट्ट मात्रै पर्यटक जलजला पुग्थे, तर हिजोआज धेरै जान थालेका छन्, ढोरपाटनबाट बिहान गएर साँझ फर्किन सकिन्छ, यहाँबाट देखिने हिमशृङ्खलाले धेरैलाई आकर्षित गर्छ ।" यति बेला गर्मी बढेको हुँदा तराईबाट पनि घुम्न आउने बढी छन् । समुद्री सतहदेखि तीन हजार ४०० मिटरको उचाइमा रहेको जलजलाबाट धौलागिरी, माछापुच्छ्रे, अन्नपूर्ण, मानापाथी, पुथा, चुरेन, गुर्जा, निलगिरीलगायत दुई दर्जन बढी हिमाल एकै ठाउँमा उभिएर नजिकै देख्न सकिने पुन बताउनुहुन्छ । पर्यटकको सङ्ख्या बढेपछि होलट व्यवसायसमेत फस्टाउन थालेको उहाँको भनाइ छ । ढोरपाटन आउने पर्यटकलाई अघिल्लो दिन नै होटलका लागि सम्पर्क गरेर आउन अध्यक्ष पुनले आग्रह गर्नुभयो । भैरहवाबाट ढोरपाटन आउनुभएका सुदीप सुवेदीले जलजला निकै सुन्दर रहेको बताउनुभयो । तराईमा अत्याधिक गर्मी हुँदा एक साताका लागि ढोरपाटन घुम्न आएको सुनाउँदै जलजला पुग्दा शीतलता प्राप्त भएको उहाँको भनाइ छ । जलजलालाई प्राकृतिक सुन्दरताले भरिपूर्ण भएको भन्दै जलजलासम्म पुग्ने सडकलाई सहज बनाउन सके पर्यटक बढ्ने सुवेदीले बताउनुभयो । उहाँले भन्नुभयो, "तराईमा निकै गर्मी छ, केही दिन भए पनि शीतलता लिनका लागि ढोरपाटन जाउँ भनेर आएका थियौँ, यहाँ आएपछि होटल व्यवसायी दाईहरुले जलजलासम्म पुग्नु भन्नुभयो, सुरुमा त खास्सै जान मन थिएन, पछि साथीहरुसँग त्यहाँ पुग्दा निकै मन फुरुङ्ग भयो, अहिलेसम्म मेरो जीवनकालमा यति धेरै हिमाल एकै ठाउँबाट देखेको थिएन, यो ठाउँ साँच्चिकै स्वर्गभन्दा कम छैन ।"पोखराबाट घुम्न आउनुभएका नितेश तामाङले जलजला क्षेत्र निकै मनमोहक रहेको बताउनुभयो । बुर्तिबाङ बजारदेखि ढोरपाटनसम्मको सडकमा जोखिमपूर्ण यात्रा गर्दा डर लागे पनि जलजला पुग्दा छुट्टै आनन्द आउने उहाँको भनाइ छ । राज्यले सडक र पदमार्गलाई व्यवस्थित गर्न सके बढीभन्दा बढी विदेशी पर्यटक भित्र्याउन सकिने तामाङ बताउनुहुन्छ। ढोरपाटनसम्म पुग्ने सडक मात्रै व्यवस्थित हुन सके जलजलामा पर्यटकको भिडभाड बढ्ने उहाँको भनाइ छ।

पछिल्लो समय ढोरपाटन पुग्ने पर्यटक जलजलासँगै बर्खामा बुकीपाटन पनि पुग्ने गरेका छन् । उपत्यकादेखि करिब साढे चार घण्टाको पैदल यात्रमा पुग्न सकिने बुकीपाटन निकै मनमोहक छ । साँघुरो र अप्ठ्यारो पदमार्ग हुँदै पर्यटक बुकीपाटन पुग्ने गरेका छन् । यस वर्ष उद्योग तथा पर्यटन कार्यालय बागलुङले पाखाथरदेखि गर्पाछेडासम्म तीन किलोमिटर पदमार्ग निर्माण गरिरहेको छ । गण्डकी प्रदेश सरकारले चालु आर्थिक वर्षमा विनियोजन गरेको रु २० लाखमा पदमार्ग निर्माण भइरहेको उद्योग तथा पर्यटन कार्यालयका प्रमुख पार सिंह थापाले जानकारी दिनुभयो । पर्यटकलाई बुकीपाटन पुग्न सहज होस् भन्ने उद्देश्यले पदमार्ग निर्माण गर्न थालिएको उहाँको भनाइ छ।

# डाडागाउँमा 'एक घर, एक धारा'

**पोखरापत्र संवाददाता**
म्याग्दी, २३ जेठ

मालिका गाउँपालिका-३ मा रु एक करोड १० लाखको लागतमा निर्माण भएको डाडागाउँ बोक्रे खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजनाबाट दुई सय २५ घरपरिवार लाभान्वित भएका छन्।

मालिकाको रु २४ लाख ८५ हजार ५९६ र नेपाल स्वास्थ्यको लागि पानी संस्था (नेवा)को रु ५६ लाख एक हजार ३६६ अनुदान तथा उपभोक्ताको रु २९ लाख १३ हजार १२४ को लागतमा योजना निर्माण भएको हो । वडाध्यक्ष मोतिप्रसाद बुढाले सर्वसाधारणका घरमा दुई सय २५, विद्यालयमा चार र सामुदायिक स्वास्थ्य एकाइमा एक निजी धारा जडान गरेर खानेपानी वितरण गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार डाडागाउँ, किटेनी, औल, सराग्दी र स्यागलुङ टोलका दुई हजार १९ जनसङ्ख्या लाभान्वित भएका छन्। यसअघि सार्वजनिक धाराबाट खानेपानी उपभोग गर्दै आएका थिए।

घरघरमा धारा बनेपछि समयको बचत, झन्झट हट्नुका साथै घरायसी कामकाज सहज भएको उपभोक्ताले बताएका छन्। खानेपानी योजना निर्माणका लागि उपभोक्ताले प्रतिपरिवार ६० दिनका दरले श्रमदान गरेका थिए। पानीको मितव्ययी प्रयोगका लागि मिटर जडान गरिनुका साथै धारा वरपरको वातावरणलाई स्वच्छ बनाउन भाडा सुकाउने पक्की चाङसमेत निर्माण भएको छ।

बोक्रेमा रहेका तीनवटा मुहानबाट ११ वटा रिजर्भ ट्याङ्कीमा पानी सङ्कलन गरेर वितरण गर्ने संरचना बनाएको नेवा संस्थाका प्राविधिक सुरेन्द्र चन्दले बताउनुभयो । यस आयोजनाको मुख्य र शाखा पाइपलाइनको दूरी २१ हजार ४६८ मिटर लामो छ।

# फरार कसुरदारहरू पक्राउ

**पोखरापत्र संवाददाता**
वालिङ, २३ जेठ

जिल्ला प्रहरी कार्यालय स्याङ्जाले विभिन्न मुद्दाका फरार कसुरदारलाई पक्राउ गरेको छ । प्रहरीले बिहीबार एकै दिन विभिन्न मुद्दाका आठ कसुरदारलाई पक्राउ गरेको हो।

जिल्ला अदालतबाट विभिन्न मितिमा मुद्दा फैसला भई कैद तथा जरिवाना भुक्तान गर्न बाँकी रहेका आठ जनालाई एकै दिन पक्राउ गरेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रसन्नराज चौधरीले जानकारी दिनुभयो । पक्राउ परेका आठ जनामध्ये बैङ्किङ कसुरका चार, चेक अनादर तीन र कुटपिट एकजना रहेका छन्। पक्राउ परेका आठजना कसुरदारको २४ दिन कैद भुक्तान बाँकी रहेको छभने रु एक करोड ६१ लाख आठ हजार ४४२ जरिवाना असुल गर्न बाँकी रहेको उहाँले जानकारी दिनुभयो। बैङ्किङ कसुरमा पक्राउ पर्नेमा भीमबहादुर विश्वकर्माको २३ दिन कैद भुक्तान र रु ८० लाख जरिवाना रहेको छ। त्यसैगरी बैङ्किङ कसुरमै कमला केसीको रु ७९ लाख ८८ हजार, बैङ्किङ कसुरमै बत्ती विकको रु एक लाख र एक दिन कैद भुक्तान, बैङ्किङ कसुरमै शिवलाल लम्सालको रु १६ हजार ७५०, चेक अनादरमा झवनाथ भण्डारीको रु दुई हजार, चेक अनादरमै अमराज गुरुङको रु एक हजार, चेक अनादरमै गङ्गामाया गुरुङसेनीको रु ५८२ असुली गर्न बाँकी रहेको छ।

त्यसैगरी कुटपिटमा ढालबहादुर सुनारको रु ११० असुली हुन बाँकी रहेको सूचना अधिकारी चौधरीले बताउनुभयो। जिल्ला अदालतबाट भएको फैसला कार्यान्वयनलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउने कार्यका लागि जिल्लाबाट प्रहरी खटिएर पक्राउ गरेको हो। न्यायिक कारबाहीलाई पूर्णता दिँदै सुरक्षित र न्यायपूर्ण समाज निर्माणको सुनिश्चिततामा जोड दिएको उहाँले बताउनुभयो।

जिल्ला अदालतले विभिन्न मितिमा फैसला गरेको मुद्दापश्चात् फरार रहेका कसुरदारलाई प्रहरीले पक्राउ गरी जिल्ला अदालतमा जरिवाना तथा कैद भुक्तानका लागि उपस्थित गराएको उहाँले जानकारी दिनुभयो।

# बाँदर कुद्ने भिर अहिले पर्यटकको रोजाइमा

**पोखरापत्र संवाददाता**
तनहुँ, २३ जेठ



झ्वाट्ट हेर्दा डरलाग्दो पहरा । त्यही पहराका ढुङ्गामा कुदिएका आकर्षक मूर्तिले मानिसको मनलाई छिनभरमै आकर्षित गराइदिन्छ। यो दृश्य पृथ्वीराजमार्गको मुग्लिन-आँबुखैरेनी खण्डमा पर्ने ऐनापहराको हो। बाँदर कुद्ने उक्त पहरा अहिले पर्यटकको रोजाइ बन्ने गरेको छ।

आँबुखैरेनी गाउँपालिका-२ र ४ को सिमानामा रहेको प्राकृतिक पहरा क्षेत्रमा पार्क बनाएर पर्यटकलाई भुलाउने र मनोरञ्जन प्रदान गर्ने जमर्को गाउँपालिकाले गरेको छ । साथै पर्यटकलाई आकर्षण गर्दै आन्तरिक स्रोतको बलियो माध्यम गाउँपालिकाले बनाउँदै आएको छ । यही राजमार्ग भएर पोखरा, चितवन र काठमाडौँलगायत सहर जान दैनिक सयौँ सवारी साधन गुड्ने गर्दछन्। यहाँको मनमोहक पानीको छहराले मनै शीतल बनाउनुका साथै रमणीय प्राकृतिक दृश्य र आकर्षक किसिमले कुँदिएका मूर्तिले जोकोहीलाई सजिलै आकर्षण गर्ने गर्दछ। गाउँपालिकाले आर्थिक वर्ष २०८०/८१ मा रु डेढ करोड बढी लगानी गरी भौतिक संरचना निर्माण गरेर पर्यटन प्रवर्द्धनको काम सुरुआत गरेपछि अहिले आम्दानीको स्रोत बन्ने गरेको छ।

पहराको ढुङ्गामा कुँदेर सुन्दर परीको मूर्ति, हात्तीको सूँड, आमा र बच्चाको मूर्ति निर्माण गरिएको छ भने पहरामाथिबाट खस्ने पानीको छहराले पर्यटकलाई छुट्टै आनन्द दिलाउँछ।

गाउँपालिकाले आर्थिक वर्षको २०८१/८२ साउनदेखि वैशाखसम्म रु ४२ लाख आम्दानी गरिसकेको छ । गाउँपालिकाले वातावरण शुल्कबापत प्रवेश शुल्कमा स्थानीयलाई रु ५० र बाह्य पर्यटकलाई रु १०० शुल्क कायम गरेको छ।

अन्य दिनको तुलनामा बिदाका दिनमा पर्यटकको बाक्लो भीड लाग्ने गरेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद शर्माले जानकारी दिनुभयो। सोही पार्कभित्र ऐनापहरा रेष्टुरेराँ होटल सञ्चालनमा रहेको छ। गाउँपालिकाले बोलपत्रमार्फत मासिक रु ४६ हजार ५०० मा भाडामा लगाएको छ। गत शनिबार एक हजारको हाराहारीमा आन्तरिक पर्यटक भित्रिँदा एकै दिनमा रु ४६ हजार ३०० रकम सङ्कलन भएको थियो । उहाँले भन्नुभयो, "उक्त रकम अहिलेसम्मकै धेरै रकम सङ्कलन भएको हो, अन्य दिनमा कम्तीमा रु ८/१० हजार टिकट बिक्रीबाट आम्दानी हुने गरेको छ।" आगामी वर्ष वार्षिक रु एक करोडसम्म आम्दानी गर्ने अपेक्षा गाउँपालिकाले लिएको छ। उहाँले भन्नुभयो, "पर्यटकलाई अझै आकर्षण गर्न सिसाको पुल र जिपलाइन, स्काइवाकलगायत साहसी खेलका लागि संरचना निर्माण गर्न थालेको छ, अबको १० दिनभित्र सञ्चालनमा ल्याई पर्यटकलाई मनोरञ्जन प्रदान गरिनेछ ।" गाउँपालिकाले पर्यटकीयस्थल परिचाहन गरी मर्स्याङ्दी नदीमा मोटरबोट सञ्चालन गरिसकेको छ। आँदिमूल मन्दिर र समुन्द्री सहतदेखि छिम्केश्वरी माई तथा बुढीमाई मन्दिरको पूर्वाधार र मन्दिर संरक्षण गरी धार्मिक पर्यटकीयस्थलका रूपमा विकास गर्दै आएको छ । पृथ्वीराजमार्ग भएर दैनिक सयौँ सवारी साधन गुड्ने हुँदा पर्यटकलाई आकर्षण गर्न सकिने प्रचुर सम्भावना देखिएकाले यो क्षेत्र पर्यटकीयस्थलका रूपमा विकास गरिएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले बताउनुभयो।

# दृष्टिविहीनलाई निःशुल्क आवासीय शिक्षा

**पोखरापत्र संवाददाता**
दमौली, २३ जेठ

तनहुँको व्यास नगरपालिका-१० बैरेनीस्थित चण्डीदेवी राष्ट्रिय माध्यमिक विद्यालयमा दृष्टिविहीन अपाङ्गता भएका सात जनालाई निःशुल्क आवासीय शिक्षाको व्यवस्था गरिएको छ।

दृष्टिविहीन विद्यार्थीलाई सहज रुपमा अध्ययन गर्न पाउने वातावरण सिर्जना गर्न विद्यालयमा आवासीय कक्षा सञ्चालन गरिएको प्रधानाध्यापक रामचन्द्र पोखरेलले बताउनुभयो । उनीहरूलाई ब्रेल पाठ्यपुस्तकको व्यवस्था पनि गरिएको छ।

अपाङ्गता अधिकारकर्मी ईश्वर बास्तोलाले दृष्टिसम्बन्धी अपाङ्गता भएका बालबालिकालाई शिक्षाको उज्यालोबाट वञ्चित हुन नदिन आवासीय अध्यापनको व्यवस्था मिलाइएको बताउनुभयो।

हाल व्यास नगरपालिकाले विद्यालयलाई प्रतिविद्यार्थी रु ५० हजारका दरले १० महिनाका निम्ति अनुदान उपलब्ध गराएको छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : सत्कार मिल्नेछ |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : मानसिक तनाब |
| ककर्ट | : कार्यमा सफलता | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : झमेला बड्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# गण्डकी प्रदेशसभाको सामाजिक विकास समितिमा रुचाल चयन

**पोखरापत्र संवाददाता**
पोखरा, २३ जेठ

गण्डकी प्रदेशसभाको सामाजिक विकास तथा कृषि समितिको सभापतिमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का दमयन्ती रुचाल निर्विरोध निर्वाचित हुनुभएको छ।

यसअघि सभापति रहनुभएका फणिन्द्र देवकोटा गत जेठमा मन्त्रीमा नियुक्त हुनुभएपछि रिक्त रहेको उक्त समितिको सभापतिमा रुचाल निर्विरोध निर्वाचित हुनुभएको हो।

शुक्रबार बसेको समितिको बैठकबाट उहाँ सभापतिमा चुनिनुभएको प्रदेशसभा सचिवालयका सूचना अधिकारी हरिबहादुर खपाङ्गी मगरले जानकारी दिनुभयो । सभापति चयनका लागि बिहीबार भएको मनोनयन दर्तामा रुचालको एकल उम्मेदवारी परेको थियो।

नवलपुरकी रुचाल माओवादी केन्द्रबाट समानुपातिकतर्फबाट प्रदेशसभा सदस्य बन्नुभएको थियो । प्रदेशसभामा प्रतिनिधित्व गर्ने दलहरूबीच सहमति जुट्न नसक्दा लामो समयसम्म समिति नेतृत्वविहीन अवस्थामा थियो।

एघार सदस्य रहेको उक्त समितिमा नेपाली कांग्रेसका छ, नेपाल कम्युनिष्ट पार्टी (एमाले) का तीन र माओवादी केन्द्रका दुई प्रदेशसभा सांसद हुनुहुन्छ । गण्डकी प्रदेशसभामा सामजिक विकास तथा कृषि, प्रदेश मामिला तथा कानुन, अर्थ तथा विकास र सावजनिक लेखा समिति गरी चार विषयगत समिति रहेका छन्।

# पक्की सडकले सुगम बने पर्वतका विकट ग्रामीण बस्ती

**रासस**
पर्वत २३ जेठ

कुनै समय थियो, सरकारी वा गैरसरकारी निकायका कर्मचारीको पर्वत जिल्लामा सरुवा भयो भने आउन मान्दैनथे । पर्वत भनेको डाँडाकाँडा मात्रै भएको विकट जिल्ला होला, सडक सुविधा छैन होला भन्ने आम सोच थियो ।

विंस २०४८ तिर जिल्लामा तत्कालीन भूपि शेरचन राजमार्गको रुपमा पोखरा-बागलुङ राजमार्ग विस्तार भयो । जसले सदरमुकाम कुश्मा बजारलाई जोड्यो । तर बागलुङबाट छुट्ने सबै सवारीसाधनमा पर्वत वा कुश्मा भनेर लेखिएको हुँदैनथ्यो । बागलुङ र म्याग्दी भन्ने मात्रै हुन्थ्यो । यति मात्र हैन कुनै बेला मकै, घ्यू, चामल, महलगायत स्थानीय उत्पादनको भारी बोकेर पैदल हिँड्दा पाँच दिनसम्मको यात्रा गरेर बुटवल पुगिन्थ्यो । आफूले लगेको वस्तुसँग नुन, चिनी, चियापती जस्ता वस्तु साटेर फेरि पाँच दिनको पैदल यात्रा गरेर फर्किन्थ्यो । उतिबेला निकै दुःख थियो, सडक, बिजुली भन्ने कुरा कल्पनासमेत गरिएको थिएन । बिहादी गाउँपालिका-२ बर्राचौरका ८३ वर्षीया इन्द्रप्रसाद पराजुलीले चार दशकअघिका दुःख सम्झिँदै भन्नुभयो, "नुन बोक्न जाँदा कतिपय बाटोमै बित्थे, भीरबाट लडेर अङ्गभङ्गसमेत हुन्थ्यो, "म पनि कैयौँ पटक नुनको भारी बोक्न आफन्तसँग गएको थिए । अहिलेको यो परिवर्तन देख्दा र ती कहाली लाग्दा दिन उमेर सम्झेर अचम्म लाग्छ ।"

विकासले पिछडिएर जिल्लाकै कालापानी भनेर परिचित दक्षिण पर्वतका तीन पालिकाको अवस्था अहिले निकै फरक भइसकेको छ । उत्तर-दक्षिण जोड्ने सबैभन्दा छोटो मार्ग कालीगण्डकी करिडोर विस्तारपछि कालापानीको परिचय फेरिएर सुगम क्षेत्र बन्न पुगेको छ ।

पर्वत जिल्लामा सङ्घीयताअघि नै तत्कालीन ५५ वटै गाविसमा सडक सञ्जालले छोएको थियो । वडा तहसम्म सडक सञ्जाल फैलिए हिउँदका केही महिना मात्र मुस्किलले यातायातको सुविधा पाइन्थ्यो । वर्षायाम लागेपछि ती सडकहरु ठप्प नै हुन्थे । समयमा मर्मत हुँदैनथ्यो, बजेट कम हुन्थ्यो ।

विसं २०६५ पछि दोविल्ला-फलेवास सडक र कुश्मा-दुर्लुङ्ग सडक तत्कालीन ग्रामीण पूर्वाधार विकास आयोजनामार्फत स्तरोन्नति थालियो । केही ग्रामीण सडक सञ्चालनमा आए । उत्तर-दक्षिण जोड्ने कालीगण्डकी करिडोर पर्वत हुँदै ट्रयाक खोल्न सुरु गरेपछि जिल्लाको कालापानी भनेर चिनिने दक्षिण पर्वतको विहादी र पैँयुँ



गाउँपालिकामा पनि सडकका पहुँच पुग्न थाल्यो । वर्षायामा नभए पनि हिउँदका महिनामा ग्रामीण क्षेत्रका नागरिकले सडक सुविधा पाउन थाले । अहिले पर्वतको परिचय पहिलेको जस्तो छैन । पर्वत सुगम जिल्लाको रुपमा परिचित छ । सङ्घीयता कार्यान्वयनसँगै तीनै तहका सरकारको पहलमा जिल्लाका सबै टोल बस्तीमा सडकको पहुँच पुगेको छ । सडकबाट घरसम्म जानका लागि जस्तोसुकै विकट बस्तीका नागरिकलाई पाँचदेखि १० मिनेटभन्दा बढी हिँड्नुपर्ने अवस्था नरहेको जिल्ला समन्वय समिति पर्वतका प्रमुख विष्णुराम विक बताउनुहुन्छ । पर्वतका सबै टोल बस्तीमा सहज रुपमा सडकको पुहुँच पुगिसकेको छ । जिल्लाका सातवटै स्थानीय तहसम्म कालोपत्रे सडकको सुविधा छ भने अधिकांश वडा कार्यालयसम्म कालोपत्रे सडकले छोएको अवस्था छ । आसपासका छिमेकी जिल्लाको तुलनामा पर्वत सडक पूर्वाधारमा उल्लेख मात्रामा विकास भएको विकको भनाइ छ । सडक सुविधा नहुँदा ग्रामीण क्षेत्रमा फलेका अन्नपात हुन वा बोटमा लटरम्म फलेका सुन्तला हुन बारीमै कुहाउनुपर्ने कुनै समयको बाध्यता थियो । तर अहिले हरेक कृषकको बगैँचासम्मै सडकको पहुँच पुगेको छ। जिल्लाको महाशिला-२ भोक्सिङका जीतबहादुर गुरुङ सडकको पहुँच पुगेसँगै फुरुङ बन्नुभएको छ । विसं २०६७ देखि १२ रोपनी क्षेत्रफलमा सुन्तला फलाएका गुरुङले दुई वर्षअघिदेखि बारीबाटै सुन्तला बिक्री गर्न पाएकोमा हर्षित हुनुहुन्छ । ग्रामीण सडक सञ्जालले गाउँलाई जोडेपछि फलेवास-१० कुर्घाका देवेन्द्र शर्मासहितका दर्जनौं किसानको दुई वर्षयता सुन्तलालगायतका तरकारी तथा फलफूल बेचेर मनग्गे आम्दानी गर्न सफल भएका छन् । दैनिक एक हजार पाँच सय लिटर दूध पोखरा पठाउँदै आएका शर्मासहितका किसानले यसअघि सडक समस्याका कारण सास्ती खेप्दै आएका थिए। जीतबहादुर र शर्माजस्तै कैयौं किसानको उत्पादन अहिले गाउँबाट सिधैँ सहरसम्म पुग्ने गरेको छ । स्थानीय सरकारको सक्रियता र तीन तहको सरकारको विकासमा होडबाजी चलेका कारण पछिल्लो आठ वर्षयता पर्वतका ग्रामीण सडक स्तरोन्नति हुने क्रम तीव्र रूपमा अघि बढेको छ । तत्कालीन जिल्ला विकास समितिकै तथ्याङ्कअनुसार पर्वतमा विसं २०७३ सम्म करिब दुई हजार दुई सय किलोमिटर सडकको कच्ची ट्र्याक खुलेको थियो । तर अहिले यसको दुरी बढेर दुई हजार छ सयको हाराहारीमा छ । चार सय ९४ वर्ग किलोमिटरमा फैलिएको पर्वत जिल्लामा सङ्घीयताको कार्यान्वयनसँगै स्थानीय तहले ती सडकको स्तरवृद्धिमा लगानी गरिरहेका छन् । प्रदेश र केन्द्रमा पहुँच हुने पालिका प्रमुखले मुख्य सडक स्तरवृद्धि तथा कालोपत्रको काम तीव्ररूपमा अघि बढाउँदै गएपछि अहिले जिल्लाका अधिकांश वडामा गुणस्तरीय सडकको पहुँच विस्तार भएको छ । कुश्मा नगरप्रमुख रामचन्द्र जोशीका अनुसार नगरका सबैजसो वडामा कालोपत्र सडक पुगेको छ । "कच्ची सडकले नछोएको कुनै बस्ती छैन", उहाँले भन्नुभयो, "कालेपत्र हुन बाँकीमा पनि चाँडै काम हुन्छ ।" जिल्लाको महाशिला गाउँपालिकाका अध्यक्ष ईश्वरीप्रसाद भुसालका अनुसार पालिकाका सबैजसो वडामा बाह्रै महिना सवारी सञ्चालन हुने गरी सडक स्तरोन्नति गरिएको छ । "मुख्य सडक प्रदेश र केन्द्रको प्राथमिकतामा परेका छन्", उहाँले भन्नुभयो, "केही ग्रामीण सडक हामीले कालोपत्रे गरेका छौँ, प्राथमिकताका आधारमा अब टोलटोलमा विस्तार जाने तयारी गरेका छौँ ।" एक घर एक रोजगार, एक घर एक टनेललगायतका कार्यक्रम सफल कार्यान्वयन गरेको महाशिलाले किसानको उत्पादन बजार पुऱ्याउन सडक सञ्जालको स्तरोन्नतिमा ध्यान दिएको उहाँले बताउनुभयो । महाशिलामा एक सय ८३ किलोमिटर ग्रामीण सडकमध्ये २१ किलोमिटर कालोपत्र भएको छ । पर्वतका सातै पालिकाको तथ्याङ्कअनुसार हालसम्म करिब चार सय किलोमिटर ग्रामीण सडक कालोपत्रे भइसकेको छ। त्यसबाहेक करिब ५० किलोमिटर सडक ढलान छ। भिरालो र ओसिलो क्षेत्रको सडक कालोपत्र गर्दा टिकाउ नहुने भएकाले ढलान गर्नुपरेको प्राविधिकको भनाइ छ ।

पूर्वाधार विकास कार्यालय पर्वतका प्रमुख सन्तोष अर्यालका अनुसार गत वर्ष २० किलोमिटर सडक कालोपत्र भएको थियो । यस वर्ष १२ किलोमिटर सडक कालोपत्र गर्ने लक्ष्य रहेको छ। डेढ सय किमी सडक कालोपत्र गर्ने गरी ठेक्का सम्झौता भएकोमा केही सम्पन्न भएको छ भने केही सडक निर्माणाधीन अवस्थामा रहेका छन् । ग्रामीण भेगमै पर्ने कालीगण्डकी करिडोर (लोकमार्ग) को काम तीव्र रूपमा भइरहेको छ । बिहादी र फलेवास नगरपालिकाका अधिकांश वडामा गतवर्ष नै कालोपत्रेसहितको राजमार्गको पहुँच पुगेको छ । लोकमार्गअन्तर्गत पर्वतको सेतीवेणीदेखि अर्मादीसम्म ४३ किलोमिटर सडकको काम धमाधम भइरहेको छ । त्यसैगरी फलेबास-अर्मादी सडकखण्डको १४ किलोमिटर भने निर्माण कम्पनीको लापरबाहीकारणसमयसमाकामनहुँदा कालोपत्रेको काम अगाडि बढाउन सकिएको छैन । उक्त खण्डमा समयमा काम नहुँदा कालोपत्रेको कामको टेन्डर आह्वान हुन नसकेको र चालु आर्थिक वर्षमा बजेट सुनिश्चितता नभएको कार्यालयले जनाएको छ ।

जिल्लाका ६१ वटै वडाका हरेक टोलटोलमा सडक सुविधा पुगेको पर्वतमा नयाँ ट्र्याक खोल्नेभन्दा भइरहेका पुराना सडकलाई स्तरोन्नति र कालोपत्र गर्नतर्फ बजेट केन्द्रित गर्नुपर्ने सरोकारवालाहरुको भनाइ छ । पर्वतमा सडक पूर्वाधारका लागि गण्डकी प्रदेश सरकारवाट चालु आर्थिक वर्षमा ९४ करोड बिनीयोजन भएको छ भने सङ्घीय सरकारबाट केही मुख्य सडकहरु स्तरोन्नतिका योजना सञ्चालनमा रहेका छन् । सङ्घीय योजनाहरु बागलुङमा रहेको सघन सहरी बिकास तथा भवन निर्माण आयोजनामार्फत कार्यान्वयन हुने भएको छ । पुष्पलाल मध्यपहाडी लोकमार्ग र कालीगण्डकी लोकमार्गले घेरिएसँगै पर्वत जिल्लाको विकासक्रमले विस्तारै गति लिँदै गएको छ । सुविधा सम्पन्न सडक, विद्युत, सिँचाइ, खानेपानी, शिक्षा, स्वास्थ्यको पहुँच ग्रामीण क्षेत्र केन्द्रित बन्दै गएको छ तर ग्रामीण क्षेत्रहरु खाली हुँदै गइरहेको अवस्था छ । अब राज्यका तीनै तहका सरकारहरुले नागरिकलाई स्वरोजगारमुखी र आत्मनिर्भरमुखी कार्यक्रम ल्याउन सकेमा मात्र दिगो र समुचित विकास हुने संविधानसभा सदस्य विकास लम्सालले बताउनुभयो ।

# आहा ! अंगुरखेती

**पोखरापत्र संवाददाता**
तनहुँ, २३ जेठ



यहाँको घिरिङ गाउँपालिका-४ स्थित बाह्रबिसेमा गत वर्षदेखि करिब ७० रोपनी क्षेत्रफलमा व्यावसायिक अङ्गुरखेती गरिएको छ । घिरिङ भाइनएड एन्ड रिसर्च सेन्टर कम्पनीले खेती सुरु गरेको हो ।

कम्पनीले स्विट्जरल्यान्डबाट प्रतिबिरुवा रु ७०० देखि रु एक हजारसम्म खर्च गरेर गत वर्षदेखि खेती सुरु गरेको उद्यमी एवं सञ्चालक कुमार कार्कीले जानकारी दिनुभयो । "पहिलो वर्ष करिब नौ हजार ५०० बिरुवा रोपेका थियौँ । धादिङमा रु ३८ करोड ५० लाख र तनहुँ रु डेढ करोड गरी रु ४० करोड लगानी गरिसकेको छु", उहाँले भन्नुभयो । यहाँ यस वर्ष पनि अङ्गुर फलेर टिप्ने कार्य सुरु भइसकेको छ । उत्पादित अङ्गुर तनहुँ, पोखरा, काठमाडौँलगायत क्षेत्रबाट व्यवसायी फार्ममा आएर लैजाने गरेको उद्यमी कुमार कार्कीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "पहिलो वर्ष १८ लाख मूल्य बराबरको अङ्गुर उत्पादन भएको थियो, यस वर्ष पनि सोही अनुपातमा उत्पादन हुने अपेक्षा गरेका छौँ ।" कार्कीका अनुसार फार्ममा हाल २०/२२ प्रजातिका अङ्गुर छन् । त्यसमध्ये केही खानका लागि त केही वाइन बनाउनका लागि प्रयोग हुन्छन् । खाने अङ्गुर प्रतिकिलोग्राम रु ३५० र वाइन बनाउने प्रतिकिलो रु २५० मा बिक्री गर्ने गरिएको छ । हाल दैनिक १०/१२ जना जनशक्ति अङ्गुर टिप्नका लागि खटाइएका छन् । फार्ममा रहेका २०/२२ प्रजातिका अङ्गुर परीक्षणका लागि खेती गरिएकामध्ये करिब १० प्रजाति उत्पादनमा राम्रो भएको कार्कीले जानकारी दिनुभयो ।

सोही कम्पनीले धादिङबाट भाइएड वाइनरी नामक वाइनसमेत उत्पादन गरिरहेको छ । कम्पनीको वार्षिक तीन लाख लिटर वाइन उत्पादन गर्ने क्षमता रहेको छ । प्रति ७५० एमएलको वाइनतर्फ तीन प्रकारका वाइन उत्पादन गरिएका र ती प्रतिबोतल रु एक हजार २०० मा बिक्रीका लागि बजारमा ल्याइएका व्यवसायी कार्कीले बताउनुभयो । धादिङको जुङ्गेखोला केवलपुर दशथात्रे गाउँपालिकामा समेत विगत १५ वर्षदेखि १५० रोपनीमा व्यावसायिक अङ्गुरखेती गर्दै आएको उहाँले बताउनुभयो ।

वाइनका लागि अङ्गुर प्रशोधनलगायत उत्पादन उद्योगसमेत सोही स्थानमा स्थापना गरिएको छ । विशेष गरी जुस, वाइन तथा खानाका लागि अङ्गुरखेती गरिएको कार्कीको भनाइ छ । अङ्गुरको बोट रोपेको एक वर्षमा फल दिन सुरु गर्छ भने पहिलो वर्षमा प्रतिबोट तीनदेखि चार केजी उत्पादन हुने गरेको छ । चैत/वैशाखमा फूल फुलेसँगै करिब तीन महिनामा फल टिप्न तयार हुने गरेको छ । मासिक घाँस कटाइ, बिरुवा गोडमेल, मल तथा अन्य व्यवस्थापकीय काममा स्थानीयहरूले पनि काम पाएका छन् । यसका लागि ज्यालादारीमा कामदार खटाउने गरिएको कार्कीले बताउनुभयो । विगतदेखि नै पर्यटन क्षेत्रमा काम गरिरहेकाले कृषि क्षेत्रमा नयाँ काम गर्ने ध्येयले यस खेतीतर्फ आकर्षित भएको उहाँले सुनाउनुभयो । धादिङमा भएको फार्मका लागि बागमती प्रदेश बिग फार्म नामक कार्यक्रम शीर्षकमा नेपाल सरकारबाट रु ५५ लाख बराबरको अनुदान दिएपछि काम गर्न थप हौसला मिलेको कृषक कार्कीले बताउनुभयो । "यो मेरो नयाँ पेसा पनि हो, लामो अध्ययन अनुसन्धानपछि यसका लागेको छु । हालसम्म राम्रै भइरहेको छ । यहाँ आउने धेरैले आहा ! कति राम्रो अङ्गुरखेती भनेर प्रशंसा पनि गर्छन् । सरकारले पनि अनुदान सहयोग गरेर थप हौसला प्रदान गरेको छ", उहाँले भन्नुभयो ।

# च्याङग्राका भुवाको बजार सुनिश्चित

**रासस**
मुस्ताङ, २३ जेठ



च्याङ्ग्राको भूवाको बजार सुनिश्चित भएपछि यहाँको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-५ फल्याकका किसानले अतिरिक्त आम्दानी गर्न थालेका छन् ।

खेतबारीको लागि आवश्यक पर्ने प्राङगारिक मल आपूर्ति र मासुका लागि बिक्री गर्न पालिने च्याङ्ग्राको शरीरमा भएको भूवाले बजार पाउन थालेपछि किसानले अतिरिक्त आम्दानीको अवसर पाएका हुन् । फल्याकका किसान राजु गुरुङकाका अनुसार बजारको सुनिश्चितता, किसानलाई फुर्सद नहुने र दक्ष जनशक्तिको अभावमा यसअघि ऊन निकाल्ने गरिएको थिएन् । "शरीरबाटै झरेर खेर जाने गरेको थियो," उहाँले भन्नुभयो "बजार सुनिश्चित गरेका पशिमना व्यवसायीले च्याङ्ग्राको भूवा निकाल्न दक्षजनशक्ति समेत व्यवस्था गरेकाले आजदेखि भूवा निकाल्न थालेका छौँ ।" नेपाल पशिमना उद्योग सङ्घले काठमाडौँमा सञ्चालन गरेको फाइवर प्रोसेसिङ प्रालिले फस्याकलगायत मुस्ताङ र डोल्पाको छार्काका किसानले उत्पादन गर्ने भूवाको बजार सुनिश्चित गरेको छ । वैशाख-जेठ महिना च्याङ्ग्राको शरीरबाट भूवा निकाल्ने याम हो । च्याङ्ग्राको भूवा पशिमनाका लागि (क) श्रेणीको कच्चापदार्थ हो । भेडा र चौरीको तुलनामा च्याङ्ग्राको भूवालाई गुणस्तरीय मानिएको छ । डेढ वर्षअघि मुस्ताङबाट नमूना सङ्कलन गरेर मङ्गोलियाको प्रयोगशालामा लगेर च्याङ्ग्राको भूवाको गुणस्तर परीक्षण गरिएको थियो । प्रयोगशालाको प्रतिवेदन अनुसार मुस्ताङी च्याङ्ग्राको भूवा पशिमनाका लागि उपयुक्त मानिएको नेपाल पशिमना उद्योग सङ्घका अध्यक्ष धनप्रसाद लामिछानेले बताउनुभयो । वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-५ का वडाध्यक्ष सुरेन्द्र गुरुङका अनुसार फल्याक गाउँमा बसोबास गर्ने करिब ६० घरपरिवारमध्य १९ घरपरिवारको व्यावसायिक च्याङ्ग्रा फार्म छ । घरघरमा थोरै सङ्ख्यामा च्याङ्ग्रा पाल्नेहरु पनि छन् । फल्याकमा करिब पाँच हजार च्याङ्ग्रा रहेका वारागुङ मुक्तिक्षेत्र-५ मा कार्यरत पशु स्वास्थ्य प्राविधिक समीक्षा कडायतले बताउनुभयो । यसवर्ष करिब दश किलोग्राम भूवा सङ्कलन हुने अनुमान गरिएको छ । किसानबाट पशिमना उद्योगीले प्रतिकिलो रु चार हजार पाँच सयका दरले भूवा खरिद गर्छन् । मुस्ताङ र डोल्पाको छार्काका किसानले विसं २०७९ मा तीन हजार किलोग्राम, २०८० मा दुई हजार किलोग्राम र २०८१ मा दुई हजार दुई सय किलोग्राम भूवा बिक्री गरेका छन् । पशिमना व्यावसायी आवद्ध नेपाल फाइवर प्रोसेसिङ उद्योगले लोमान्थाङमा भूवा सङ्कलन र काठमाडौँमा प्रशोधन केन्द्र स्थापना गरेको छ । नेपालबाट विदेश निर्यात हुने प्रमुख बस्तु पशिमना बनाउन च्याङग्राको भूवा प्रशोधन गराएर बनाएको धागो कच्चापदार्थको रुपमा प्रयोग हुन्छ । सङ्घका अनुसार नेपालबाट वार्षिक रु छ अर्बको पशिमना निर्यात हुन्छ । वार्षिक रु पाँच अर्ब मूल्य बराबरको चार सय टन पशिमना बनाउन आवश्यक पर्ने भूवाको धागो आयात हुन्छ । ठमेल, भक्तपुर, पाटन, सौराह, पोखरा, नगरकोटलगायत पर्यटकीयस्थलमा घुम्ने आउने पर्यटकले रु एक अर्ब ५० करोड मूल्य बराबरको पशिमना किनेर लैजाने गरेका छन् । मुस्ताङी च्याङ्ग्राको भुवाको गुणस्तरको दिगोपनाका लागि पशिमना उद्योग सङ्घमार्फत किसानस्तरमा विभिन्न कार्यक्रम सञ्चालन गरिएको अन्तरर्राष्ट्रिय व्यापार केन्द्रका परामर्शदाता सिचन श्रेष्ठले बताउनुभयो । अन्तरराष्ट्रिय व्यापार केन्द्र (आइसिटी)को सहयोगमा नेपाल पशिमना सङ्घले भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मुस्ताङ र स्थानीय तहका पशु सेवा शाखासँगको समन्वयमा गुणस्तरीय भूवा उत्पादन र सङ्कलनका विषयमा प्राविधिक सीप सिकाउन थालिएको छ । बाह्य परजीविको आक्रमणबाट जोगाउन, शरीरमा भएको भूवालाई कीटाणुरहित, स्वच्छ र गुणस्तरीय बनाउन भुवा निकाल्नु अघि डिपिङ ट्याङ्कीमा च्याङग्राको शरीर डुबाउने सीप सिकाउन स्थलगत तालिम सुरु गरिएको छ । अन्तरराष्ट्रियस्तरको प्रयोगशालामा गरिएको परीक्षणबाट पशिमनाका लागि उपयुक्त र गुणस्तरीय पुष्टि भएको मुस्ताङी च्याङ्ग्राको भूवाको दिगोपना र गुणस्तरमा ह्रास आउन नदिन किसानलाई सप र प्रविधिमा सघाउने कार्यक्रमलाई निरन्तरता दिएको परामर्शदाता श्रेष्ठले बताउनुभयो । भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मुस्ताङका प्रमुख लालमणि अर्यालका अनुसार जिल्लामा ५२ हजार च्याङ्ग्रा पालिएकोमा ३० प्रतिशतको हाराहारीमा मात्र भूवा निकाल्ने गरिएको छ।

# पोखरामा पहिलोपटक 'इन्डोर राष्ट्रिय आर्चरी' च्याम्पियनसिप सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २३ जेठ

पोखरा रङ्गशालामा आजदेखि पहिलोपटक 'इन्डोर राष्ट्रिय आर्चरी' च्याम्पियनसिप सुरु भएको छ। गण्डकी प्रदेश आर्चरी सङ्घको आयोजनामा सञ्चालन भएको प्रतियोगिताको राष्ट्रिय खेलकुद परिषद् (राखेप)का सदस्यसचिव टङ्कलाल घिसिङले उद्घाटन गर्नुभयो ।

पोखरामा यसअघि 'आउटडोर' च्याम्पियनसिप भए पनि रङ्गशालाको बहुउद्देश्यीय कभर्ड हलमा 'इन्डोर' पहिलोपटक गरिएको हो । प्रतियोगितामा तीन विभागीय टोलीसहित कोशी, बागमती र गण्डकी प्रदेशका खेलाडी सहभागी छन् । प्रतियोगितामा महिला २२ र पुरुष ४८ गरी कुल ७० जना खेलाडीले विभिन्न विधामा प्रतिस्पर्धा गर्ने आर्चरी सङ्घका वरिष्ठ उपाध्यक्ष एवं प्रतियोगिता संयोजक योगेन्द्र शेरचनले जानकारी दिनुभयो ।



प्रतियोगितामा 'रिकर्व' महिला/पुरुष, 'रिकर्व टिम इभेन्ट', 'रिकर्व मिक्स इभेन्ट', 'कम्पाउण्ड', महिला र पुरुष 'इन्डिभिजुअल', 'स्टाण्डर्ड' महिला/पुरुष 'इन्डिभिजुअल', 'स्टाण्डर्ड मेन्स टिम इभेन्ट' र 'मिक्स इभेन्ट' गरी कुल १० इभेन्टमा १० स्वर्ण, १० रजत र १० कास्य पदकका लागि प्रतिस्पर्धा हुने शेरचनले बताउनुभयो ।

कार्यक्रममा सदस्यसचिव घिसिङले निर्धारित मितिमा दसौँ राष्ट्रिय खेलकुद प्रतियोगिता हुन नसक्दा आर्चरीसहित अन्य खेलकुद प्रभावित बनेका बताउनुभयो । उहाँले प्राविधिक समस्याका कारणले तोकिएको मितिमा प्रतियोगिता नभएको उल्लेख गर्नुभयो । "राष्ट्रिय खेलकुद निर्धारित समयमा नहुँदा तयारी गरिरहेका खेलाडीलाई समस्या परेको छ । हामी तयारीलाई पूर्णता दिएर प्रतियोगिताको नयाँ मिति सार्वजनिक गर्नेछौँ", सदस्यसचिव घिसिङले भन्नुभयो । उहाँले इन्डोर प्रतियोगिताले खेलाडीभित्र रहेको क्षमता प्रदर्शनका महत्त्वपूर्ण हुने उल्लेख गर्नुभयो । घिसिङले १९औँ एसियाली खेलकुदमा पनि नेपाल ी खेलाडीको सहभागिताले नेपालको आर्चरी खेलले प्रशंसा पाएको बताउनुभयो ।

गण्डकी प्रदेशसभाका सांसद विकल शेरचनले 'इन्डोर' आर्चरीले गण्डकी प्रदेशको आर्चरी खेलको विकासमा सहयोगी पुग्ने विश्वास व्यक्त गर्नुभयो । प्रतियोगिता यही जेठ २४ गतेसम्म सञ्चालन हुनेछ । यस प्रतियोगितालाई राष्ट्रिय खेलकुद परिषद् र प्रदेश खेलकुद परिषद् गण्डकी तथा नेपाल आर्चरी सङ्घको प्राविधिक सहयोग रहेको छ ।